NYC Mayor's Office of Immigrant Affairs

# ICE/अध्यागमनद्वारा साथीभाइ वा परिवारको सदस्यलाई हिरासतमा लिएमा के गर्ने?

बारम्बार सोधिने प्रश्नहरू

फेब्रुअरी 2025

अङ्ग्रेजी

**तपाईंले निम्न वेबसाइटमा रहेको अनलाइन अध्यागमन तथा भन्सार प्रवर्तन (Immigration and Customs Enforcement, ICE) लोकेटरमा आफ्नो साथी वा परिवारको सदस्यलाई हिरासतमा राखिएको पुष्टि गर्न सक्नुहुन्छ: locator.ice.gov**

लोकेटर प्रयोग गर्न, तपाईंसँग आफ्नो साथीभाइ वा परिवारजनको निम्न विवरण हुनुपर्ने छ:

- जन्म देश र "A नम्बर" **वा**
- जन्मेको देश, नाम, थर र जन्म मिति (कृपया ध्यान दिनुहोस्: नामको हिज्जे सही हुनुपर्छ)।

**सुझाव:** "A नम्बर" भनेको धेरैजसो अध्यागमन कागजातहरूमा पाइने 8- वा 9-अङ्कको पहिचान नम्बर हो। यो नम्बर अक्षर A पछि लेखिएको हुन्छ। यो कसैलाई हिरासतमा लिँदा निजको नाडीमा पनि फेला पार्न सकिन्छ। उदाहरणका लागि: A 000-000-000

तपाईंसँग उनीहरूको A नम्बर थाहा छैन भने, आफ्नो साथी वा परिवारका सदस्यले फोन गरेपछि सोध्नुहोस्।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

## 1-800-354-0365

### सोमवारदेखि शुक्रवारसम्म, बिहान 9 बजे देखि साँझ 6 बजे सम्म

**तपाईंले चाहेको भाषामा दोभासे सेवा उपलब्ध छ।**

नि:शुल्क र गोप्य अध्यागमन कानुनी सहायताका लागि, आप्रवासी न्युयोर्कवासीहरूले मेयरको आप्रवासी मामिला कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA) अध्यागमन कानुनी सहायता हटलाइनमा कल गर्न सक्ने छन्।

## 311 मा कल गर्नुहोस्

### "अध्यागमन" भन्नुहोस्

**दोभासे सेवा उपलब्ध छ।**

अध्यागमन कानुन जटिल हुन्छ। झूटा वाचाहरू सङ्केत गर्न सक्ने अध्यागमन कानुनी ठगी वा धोखाधडी गर्ने प्रदायकहरूबाट सावधान रहनुहोस्।

**याद गर्नुहोस्:** वकालतका लागि इजाजतपत्र प्राप्त नगरेका पब्लिक नोटरीले तपाईंको तर्फबाट अध्यागमन फारामहरू भर्न वा दायर गर्न मिल्दैन। उनीहरूले तपाईंलाई कानुनी सल्लाह पनि दिनु हुँदैन।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

मेरा साथीभाइ वा परिवारका सदस्यलाई ICE/अध्यागमनले हिरासतमा लिएको थियो। म उनीहरूलाई कसरी फेला पार्न सक्छु?



ICE/अध्यागमनले तपाईंको साथीभाइ वा परिवारका सदस्यलाई न्युयोर्क शहर वा वरपर हिरासतमा लिएमा, तिनलाई म्यानहट्टन मा रहेको ICE कार्यालयमा प्रशोधन गरिने छ। यसका लागि सामान्यतया एक दिन लाग्ने छ। त्यसपछि, तिनीहरूलाई हिरासत गृहमा सारिने छ। सामान्यतया, हिरासत गृह न्यूयोर्क वा न्यु जर्सी मा हुने छ। कहिलेकाहीँ मानिसहरूलाई अन्य राज्यहरूमा रहेको अध्यागमन हिरासत गृहमा राख्न सकिने छ। हिरासत गृह जेल वा संघीय भवनमा हुन सक्छ।



# के मेरो साथी वा परिवारका सदस्यलाई भेट्न सुरक्षित हुन्छ? म उनीहरूलाई कसरी भेट्न र पैसा पठाउन सक्छु?



नोट: तपाईं आफ्नै केस वा अध्यागमन स्थितिको समस्याले तपाईंलाई साथी वा परिवारको सदस्यलाई भेट्न जाँदा जोखिममा पार्ला भन्ने कुरामा चिन्तित हुनुहुन्छ भने, *तपाईंले वकिलसँग परामर्श गर्नुपर्छ*।

## भ्रमण गर्नु अघि:

**प्रत्येक हिरासत गृहका** पहिचान र पृष्ठभूमि जाँच गर्नुपर्छ कि पर्दैन भन्नेसम्बन्धी**मापदण्डहरूको समीक्षा गर्नुहोस्**।

**यहाँ गएर** उनीहरूको जानकारी हेर्नुहोस्: www.ice.gov/detention-facilities। जानकारी पुष्टि गर्न तपाईंले हिरासत गृहमा फोन गर्नुपर्ने हुन सक्छ।

**तपाईंको नाम आफ्नो साथीभाइ वा परिवारजनको भ्रमण सूचीमा हुनुपर्छ** र हिरासत गृहद्वारा तोकिएको विशेष दिन र समयमा मात्र भ्रमण गर्न सकिने छ।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# मेरा साथीभाइ वा परिवारका सदस्यले वकिल कसरी पाउन सक्छन्?



अमेरिकी सरकारले देश निकालाको सामना गरिरहेका आप्रवासीहरूका लागि वकिलहरू उपलब्ध गराउँदैन।

**तपाईंको साथीभाइ वा परिवारका सदस्यलाई न्युयोर्क आप्रवासी परिवार एकता परियोजना (New York Immigrant Family Unity Project, NYIFUP) मार्फत वकिल उपलब्ध गराउन सकिन्छ।**

NYIFUP एउटा शहरद्वारा सञ्चालित कार्यक्रम हो। यसले **ICE/अध्यागमन अधिकारहरूद्वारा हिरासतमा रहेका न्युयोर्कवासीहरूलाई अध्यागमन अदालतमा मुद्दा लड्न नि:शुल्क, गुणस्तरीय वकिलहरू उपलब्ध गराउँछ।**

**यस कार्यक्रमको बारेमा थप जानकारीका लागि अर्को पृष्ठ पल्टाउनुहोस्।**

NYIFUP ले योग्य व्यक्तिहरूलाई नि:शुल्क वकिल खटाउने छ। कुनै व्यक्ति योग्य हुन **हिरासतमा परेको हुनुपर्छ र निम्न मापदण्डहरू पूरा गर्नुपर्दछ:**

देश निकालाको मुद्दा Varick St. अध्यागमन अदालतमा दायर गरिएको छ। मुद्दा न्यु जर्सी अदालतमा दायर गरिएको छ भने सो व्यक्ति न्यूयोर्क शहरको बासिन्दा हुनुपर्छ;

हिरासतमा लिइएको व्यक्तिको वकिल छैन;

यस मुद्दाको लागि अध्यागमन अदालतमा यो पहिलो सुनुवाइ हो; र

घरपरिवारको आम्दानी संघीय गरिबी निर्देशिकाको 200% भन्दा कम छ।

वकिलको नियुक्ति पहिलो मास्टर क्यालेन्डर सुनुवाइपछि हुन सक्छ।

# केही व्यक्तिहरूका लागि यस कार्यक्रम मार्फत वकिल उपलब्ध नहुन सक्छ।

कृपया ध्यान दिनुहोस्, यस कार्यक्रमले अध्यागमन अदालतमा अध्यागमन न्यायाधीश समक्ष अध्यागमन मुद्दाहरू विचाराधीन रहेका व्यक्तिहरूलाई वकिल उपलब्ध गराउँछ। उनीहरूले पहिले नै देश निकाला आदेश भइसकेका वा विचाराधीन मुद्दा नभएका व्यक्तिहरूलाई प्रतिनिधित्व प्रदान नगर्न पनि सक्छन्।

# 1-800-354-0365

## सोमवारदेखि शुक्रवारसम्म, बिहान 9 बजे देखि साँझ 6 बजे सम्म

**तपाईंले चाहेको भाषामा दोभासे सेवा उपलब्ध छ।**

तपाईंका साथीभाइ वा परिवारका सदस्य NYIFUP का लागि योग्य छैनन् भने, तपाईंले जानकारी र कानुनी सहायताका लागि **MOIA अध्यागमन कानुनी सहायता हटलाइनमा** कल गर्न सक्नुहुन्छ।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

## यदि तपाईंका साथीभाइ वा परिवारका सदस्यले पहिले संघीय अध्यागमन अधिकारीहरूसँग सम्पर्क गरेका थियो र देश निकालाको आदेश दिइएको थियो वा न्यूयोर्क वा न्यु जर्सी बाट स्थानान्तरण भइरहेका छन् भने, तुरुन्तै कुनै वकिललाई सम्पर्क गर्नुहोस्।

यदि यीमध्ये कुनै पनि घटना घटेमा, तपाईंका साथी वा परिवारका सदस्यले द्रुत देश निकालाको सामना गरिरहेका हुन सक्छन् र तत्काल अध्यागमन कानुनी सहायता चाहिन्छ। उनीहरूले पहिले भएको हुन सक्ने कुनै पनि अध्यागमन कार्यवाहीसँग सम्बन्धित सबै कागजातहरू प्राप्त गर्नु आवश्यक छ।

# अदालतको पहिलो मिति कहिले हुन्छ भनेर हामीले कसरी थाहा पाउने?



## 1-800-898-7180

**तपाईंले अध्यागमन अदालत सूचना लाइनमा फोन गरेर अदालतको मिति कहिले र कहाँ हुने छ भनेर पत्ता लगाउन सक्नुहुन्छ।**

यो एक स्वचालित सूचना प्रणाली हो। कसैले पनि फोन उठाउने छैन। यस प्रणालीले अङ्ग्रेजी र स्पेनिस भाषामा मात्र जानकारी प्रदान गर्दछ।

**अङ्ग्रेजीका लागि 1 थिच्नुहोस्
स्पेनिसका लागि 2 थिच्नुहोस्**

**प्रविष्ट गर्नुहोस् वा यसो भन्नुहोस्
"A नम्बर"। स्वचालित प्रणालीले A# दोहोर्‍याउने छ; पुष्टि गर्न 1 थिच्नुहोस्**

**स्वचालित प्रणालीले तपाईंको साथी वा परिवारको सदस्यको नामको हिज्जे गर्ने छ।**

**पुष्टि गर्न 1 थिच्नुहोस्**

**अदालतको अर्को सुनुवाइ मितिका लागि 1 थिच्नुहोस्**

## नोट: यदि ती प्रणालीमा देखा पर्छन् तर अदालतको मिति छैन भने

# पुराना निर्णयहरू हेर्न 3 थिच्नुहोस्।

यसमा अदालतले "निष्कासनको आदेश दिइएको" भनी लेखिएको छ भने, यसको अर्थ तपाईंको साथी वा परिवारको सदस्यले नयाँ सुनुवाइ पाउने छैनन्।

तपाईंले यो वेबसाइट प्रयोग गरेर र A नम्बर टाइप गरेर अदालतको जानकारी अनलाइन पनि खोज गर्न सक्नुहुन्छ, जुन अङ्ग्रेजी र स्पेनिसमा उपलब्ध छ।

https://acis.eoir.justice.gov/en/


यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# उनीहरूलाई कहिलेसम्म हिरासतमा राखिने छ?



**यो प्रश्नको जवाफ दिन गाह्रो छ र यो विशेष अवस्थामा निर्भर गर्दछ।**
**तपाईंको साथी वा परिवारको सदस्यलाई मुद्दाको टुङ्गो नलागेसम्म वा न्यायाधीशले जमानत नतोकेसम्म हिरासतमा राखिने छ।**



सबैलाई जमानतको अवसर प्रदान गरिने छैन। जमानत सुनुवाइमा, अध्यागमन न्यायाधीशले व्यक्ति (वा उनीहरूले चिनेको विश्वसनीय व्यक्ति) ले जमानत रकम तिर्न सकेमा उनलाई अध्यागमन हिरासतबाट रिहा गर्न सकिन्छ कि सकिँदैन भनेर निर्णय गर्ने छन्।



अध्यागमन जमानत भनेको हिरासतमा राखिएको व्यक्तिलाई रिहा गरेवापत अमेरिकी सरकारलाई गरिने भुक्तानी र उनीहरूको रिहाइका मापदण्डहरू पूरा गर्ने प्रतीज्ञा हो, जसमा उनीहरूको विचाराधीन अध्यागमन मुद्दाका सम्बन्धमा न्यायाधीशले तोकेका मापदण्डहरू समावेश हुन सक्छन्।

सरकारले तपाईंको साथी वा परिवारको सदस्य जमानत सुनुवाइका लागि योग्य नभएको निर्धारण गरे पनि, उनीहरूको हिरासतलाई चुनौती दिने अन्य तरिकाहरू हुन सक्छन्। यसका लागि अनुभवी वकिलले उनीहरूको मुद्दाको सावधानीपूर्वक समीक्षा गर्नुपर्ने छ।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# जमानतमा सहायता

यदि जमानत स्वीकृत गरिएको छ र तपाईं सो रकम भुक्तानी गर्न सक्नुहुन्न भने, तपाईं आप्रवासीहरू र तिनका साथी वा परिवारका सदस्यहरूलाई जमानत तिर्न मद्दत गर्ने गैर-नाफामुखी संस्थाहरूद्वारा जमानत दिलाइपाउन (आंशिक वा पूर्ण रूपमा) योग्य हुन सक्नुहुन्छ। केही स्रोतहरू निम्नानुसार छन्:

**दि एन्भिजन फ्रिडम कोष**

उनीहरूले जमानत रेफरलहरू स्वीकार गरिरहेका छन् कि छैनन् भनेर हेर्नका लागि उनीहरूको यस वेबसाइटमा हेर्नुहोस्: https://envisionfreedom.org/get-support/#reach-out

**अश्वेत आप्रवासी जमानत कोष**

उनीहरूलाई यसमा इमेल गर्नुहोस्: blackimmigrantbailfund@gmail.com

उनीहरूको वेबसाइटमा गई उनीहरूको अनुरोध फाराम भर्नुहोस्: https://www.blackimmigrantsbailfund.com/

**LGBTQ फ्रिडम कोष**

उनीहरूलाई यसमा इमेल गर्नुहोस्: info@lgbtqfund.org,

उनीहरूको वेबसाइटमा हेर्नुहोस्: https://www.lgbtqfund.org/

786-233-8969 मा फोन गर्नुहोस्

# अब मैले अरू के गर्नुपर्छ?





यदि तपाईं वा अरू कसैले अध्यागमन हिरासतमा लिँदा प्रत्यक्ष देख्नुभएको थियो भने, उनीहरूले **तपाईंको साथी वा परिवारको सदस्यलाई पक्राउ गरी हिरासतमा लिँदा के भयो, सबै कुरा लेख्नुपर्दछ।**



उनीहरूले सम्झन सक्ने जति सबै विवरण लेख्नुपर्दछ र **कुनै पनि भौतिक वा फोटोग्राफिक प्रमाण सङ्कलन गर्नुपर्दछ।**




यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

**नोटहरू:**

**www.nyc.gov/knowyourrights**

**सबैभन्दा पछिल्लो जानकारीका लागि,**



- **आफ्नो फोनको क्यामेरालाई तलको QR कोडतिर फर्काउनुहोस् र केही सेकेन्डसम्म स्थिर राख्नुहोस्।**
- **जानकारी पहुँच गरेको देखा पर्ने सूचनामा ट्याप गर्नुहोस्।**